
# तस्विरमा आदिभूमि


## *Picture of Primordial Land*



www.dullukhabar.com

# NEPAL: Administrative Unit - State 6 Map




| Number of Local Units | |
|---|---|
| Metropolitan City / Mahanagarpalika | 0 |
| Sub Metropolitan City / Upa Mahanagarpalika | 0 |
| Urban Municipality / Nagarpalika | 25 |
| Rural Municipality / Gaunpalika | 54 |

## Legend

**Adminstrative Boundary**
- International
- State
- District
- Metropolitan
- Sub Metropolitan
- Urban Municipality
- Rural Municipality

**Local Unit**
- Metropolitan City
- Sub Metropolitan City
- Designated Area

**State**
- 1
- 2
- 3
- 4
- 5
- 6
- 7

0 155 310 620 KM

**Creation Date:** 06 Novemberl 2017
**Map data source(s):** Nepal Gazette, DoS, ECN GoN

# तस्विरमा आदिभूमि

*Picture of Primordial Land*





प्रकाशक:

**द्रोणाञ्चल मिडिया प्रा. लि.**

दुल्लू-८, दैलेख,
कर्णाली प्रदेश, नेपाल

तस्विर सौजन्य:

**विशाल सुनार, दैलेख**

सम्पर्क: ९८४८०६३७२६
इमेल: majheri16@gmail.com

प्रकाशन सहयोग:

**दुल्लू नगरपालिका**

दुल्लू, दैलेख
कर्णाली प्रदेश, नेपाल

# तस्विरमा आदिमूभि


प्रकाशक: **द्रोणाञ्चल मिडिया प्रा. लि.**
दुल्लू-८, दैलेख,
कर्णाली प्रदेश, नेपाल
इमेल : dullukhabarinfo@gmail.com, वेभसाइट : www.dullukhabar.com

प्रकाशन सहयोगी: **दुल्लू नगरपालिका**
दुल्लू, दैलेख
कर्णाली प्रदेश, नेपाल
इमेल : dullumun@gmail.com, वेभसाइट : www.dullumun.gov.np

प्रकाशन प्रति: **१००० प्रति**

प्रकाशन मिति: **२०७९**

मूल्य: **५५५/-**

ISBN: **978-9937-1-2288-7**



Copy Right: **Dronachal Media Pvt. Ltd.**



तस्विर सौजन्य: **विशाल सुनार, दैलेख**
सम्पर्क: ९८४८०६३७२६
इमेल: majheri16@gmail.com

मुद्रण तथा ले-आउट डिजाइन: **लुना क्रियशन प्रा.लि.**
बागबजार, काठमाडौं, नेपाल
सम्पर्क : ९८५११ ४३६१८, ९८४३ २६०६१८, इमेल : info.lunacreation@gmail.com

ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक नगरी

# दुल्लू नगरपालिका

## दुल्लू, दैलेख

कर्णाली प्रदेश नेपाल

दुल्लू नगरपालिका २०७३



मितिः २०७९/०१/०९ गते ।

मानव सभ्यता तथा नेपाली भाषा, संस्कृतिको पहिलो उद्गमस्थलको रूपमा रहको सिँजा र सोसँग जोडिएको दुल्लू क्षेत्रमा नेपाली भाषाको पहिलो अभिलेख वि.सं. १०३८ को दामुपालको शिलालेख समेत रहेको साथै अशोक चल्लको पालामा वि.सं. १४४४ मा कीर्तिस्तम्भमा ३६ वटा राजाहरूको इतिहास लेखिएको र एउटा राजाको औसत आयु ६० वर्ष जोड्दा पनि २१६० वर्षको इतिहास जिवित रहेकाले वि.सं. सुरू हुनुभन्दा ७१६ वर्ष पुरानो अभिलेखकका कारण सिँजा साम्राज्यका खसहरू नेपालका वास्तविक आदिवासी भएकाले यस क्षेत्रको विकास समृद्धि र पूर्वाधार निर्माणमा नेपाल सरकार र सम्बन्धित निकायको ध्यान पुग्न आवश्यक छ । विश्वमानचित्रमा अहिलेको शक्तिशाली देश अमेरिका पत्ता लाग्नुभन्दा पहिले यस सिँजा साम्रराज्यको आफ्नै गौरवशाली इतिहास रहेको थियो । यहाँका धार्मिक स्थलहरूमा रहेका हिन्दु, बौद्ध र जैनका मूतिले धार्मिक सहिष्णुता बोकेको समाज रहेको पुष्टि गर्दछ । पाथरनाउली, कीर्तिस्तम्भ, कालिका मन्दिर र बालेश्वरमा रहेका अभिलेखमा लेखिएका "ॐ मणि पद्मे हूँ" साथै बौद्ध विहारका तस्विरहरू कोरिएकाले शान्ति र अहिंसाको पक्षमा यहाँको समुदायमा रहेको प्रमाण सर्वविदितै छ ।

ज्वाला सिँजा र कर्णाली सभ्यताको त्रिवेणी विभिन्न जातजातिहरूको उद्गम थलो जडानदेखि खसानसम्मको आस्थाको केन्द्र पञ्चकोशी क्षेत्र र योसँग जोडिएका विभिन्न ठाउँहरूको परिचय झल्किने तस्विर कथा समावेश पारेर प्रकाशन हुन थालेको **तस्विरमा आदिभूमि** नामक पुस्तक प्रकाशन गर्न लागेकोमा द्रोणाञ्चल मिडिया प्रा.लि., दुल्लू-८, दैलेखलाई विशेष धन्यवाद दिन चाहन्छौं । यो पुनित कार्यमा संलग्न भई लामो समयदेखि जिल्लाका सम्भावनालाई क्यामरामा कैद गर्ने फोटो पत्रकार विशाल सुनारलाई पनि यो अवसरमा सम्झना चाहन्छौं । जहाँ इच्छा, त्यहाँ उपाया भनेझैं खसहरूको मूल देवता मस्टो र मस्टो सँस्कृतिसँग जोडिएका पश्चिमा बाहुन, क्षेत्रीहरूको बसाइँसराईका कारण देशका विभिन्न भूभाग र विदेशमा समेत काम र अवसरको खोजिमा संसारभरी छरिएर रहे पनि दैलेख जिल्लामा पैतृक भूमि भएका विभिन्न थरका ठाउँहरूलाई समेटेर तयार पारेको पुस्तक **तस्विरमा आदिभूमि** प्रकाशन हुँदा यस सिँजा राज्यको पुरानो उक्ति "सिँजा हाट दुल्लू विराट"को संस्मरण भएको छ । द्वन्दले थला परेका गाउँहरू कामको खोजि र सुविधाको नाममा बसाइँ सरेर पहाड रित्तिने र शहरी क्षेत्र दिनानुदिन कष्टकर बन्दै गरेको वर्तमान समयमा गाउँमा सम्भावना र सुन्दर भविष्यको आशासहित जातिय पर्यटन प्रवर्द्धनका लागि यो पुस्तक आफ्ना पिता पूर्खाको भूमि हेर्ने, देख्ने र चिन्ने दिशामा सहयोगी सिद्ध हुने विश्वास लिएका छौं ।

देश संघीय संरचनामा अगाडि बढिरहेको अवस्थामा यस क्षेत्रमा रहेको ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका स्थलहरू र यिनको संरक्षण, प्रवर्द्धन विकास र प्रचारप्रसारका लागि स्थानीय तह, प्रदेश र संघीय सरकारले विशेष संरक्षण योजना बनाई आदिभूमिको विकासका लागि सबैको साथ सहयोग र प्रतिबद्धताको आवश्यकता छ । आधुनिक युगमा संस्कृति, सभ्यता र संस्कार जोगाउनु सबैको दायित्व रहेको छ । **तस्विरमा आदिभूमि** नामक पुस्तक प्रकाशन सहयोगको रूपमा दुल्लू नगरपालिकालाई समावेश गरेकोमा यस नगरपालिकाको तर्फबाट आभार व्यक्त गर्दै आगामी दिनहरूमा समन्वय, सहकार्य र एकताको साथ संस्कृति संरक्षणमा लाग्ने प्रतिबद्धता जनाउँदै यस पुस्तकको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।


**घनश्याम भण्डारी**
(नगरप्रमुख)

द.नं. ७८८१६/०७३/०७४ स्थायी लेखा नं. ६०४५५१९६२ सूचना विभाग ६८०/०७४/०७५

द्रोणाचल मिडिया प्रा.लि.

Dullukhabar

दुल्लू-८, दैलेख, कर्णाली प्रदेश, नेपाल



## प्रकाशकीय

मिति : २०७९/०१/१५

द्रोणाञ्चल मिडिया प्रा. लि. मोफसलमा क्रियाशील संस्था हो । यसले दुल्लू क्षेत्रको समग्र विकास र सञ्चारको क्षेत्रमा विगत लामो समयदेखि दुल्लू खबर डटकम नामक न्यूज पोर्टल सञ्चालन गर्दै आएको छ । कर्णाली प्रदेशको विशेष गरी माथिल्लो भाग जडान र तल्लो भाग खसान क्षेत्रमा रहेका विभिन्न धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि प्रचारप्रसार गर्दै आइरहेको छ । यसै क्रममा देशभर छरिएर रहेका विभिन्न जातजातिको पैतृक भूमि आदिभूमि समेटेर तस्विर पुस्तक प्रकाशन गर्ने प्रस्ताव दुल्लू नगरपालिकालाई राख्दा नगरप्रमुख घनश्याम भण्डारीज्यूले सहजै स्वीकार गरी प्रकाशनको जिम्मेवारीसमेत लिने प्रतिबद्धता जनाउनु भयो ।

हामीले यस कार्यका लागि क्रियाशील संचारकर्मीहरूसँग समन्वय गर्दै जाँदा जोसिला फोटो पत्रकार विशाल सुनारले दैलेख जिल्लामा रहेका आदिभूमिहरूको तस्विर कैद गर्ने जिम्मेवारी निभाउनु भएकोमा उहाँप्रति द्रोणाञ्चल मिडिया प्रा. लि. विशेष आभार प्रकट गर्दछ । संसारभर छरिएर रहेका विभिन्न जातजातिका मानिसहरूको पैतृक भूमिको तस्विर सार्वजनिक गर्न पाउँदा यस मिडियालाई गर्व महशुस भएको छ ।

आगामी दिनमा पर्यटन, प्रवर्द्धन, सूचना र संचारको क्षेत्रमा विकास साझेदार स्थानीय सर कारसँगको साझेदारीमा अन्य विविध किसिमका रचनात्मक कार्यहरू गर्नका लागि द्रोणाञ्चल मिडिया प्रा.लि. सदैव तयार रहेको जानकारी गराउँदै यस अवसरका लागि दुल्लू नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, दुल्लू, दैलेखलाई धन्यवाद दिंदै यसमा भएका त्रुटिहरू औंल्याई आगामी दिनमा सुधार गर्ने मौका प्रदान गर्नु हुनेछ भनि आम पाठकसमक्ष आशा राखेका छौं ।

**इश्वर राज भण्डारी**
सम्पादक

dullukhabar.com
Birendranagar-8, Surkhet, Karnali Province, Nepal
083-521259 **(Office)**
9841981732, 9858088166, 9868924331
dullukhabarinfo@gmail.com
www.dullukhabar.com

## कृतज्ञता



उद्गम अर्थात् उदय, प्रादुर्भाव, मुहान, मुल उत्पतिस्थान जे भनौं सबै आदिभूमी हुन् । आज यसै तस्विर पुस्तक मार्फत दैलेख जिल्लाबाट उद्गम भएको विभिन्न जातजातिहरूको आदिभूमीहरूको साक्षात्कार गराउने जमर्को भएको छ । आदिभूमि तस्विर पुस्तकको अवधारणा नै उन्नत र ऐतिहासिक हो भन्ने मलाई लागेको छ । पटक पटकको भेटघाटमा हुने गरेको वार्तालापको निचोड स्वरूप तस्विरमा आदिभूमी पुस्तक प्रकाशन भएको छ । समग्र दैलेखीहरूले सधैं झैं भन्ने गरेको दैलेख ३२ भन्दा बढि जातजातीको उद्गम भूमी अर्थात् आदिभूमी हो भन्ने गरेको अनेकौं पटक सुनिएकै थियो । अब भने तस्विरसहित आफ्नो उदग्मस्थल देख्ने अवसर जुरेको छ ।

सभ्यताको विकाससँगै कहिंकतै बाँच्नको लागि होस् वा राज्य विस्तार वा नयाँनयाँ खोज अनुसन्धानको दौरानमा परिवारहरूको बसाईसराइलाई निरन्तरता दिइरहे परिणाम स्वरूप कुन जातिको उद्गम कहाँ हो भन्ने समेत नयाँ पुस्ता अन्जान जस्तो बन्यो । उल्लेखित थरहरूको आफ्नै मतमतान्तर पनि हुन सक्छ । जसको निराकरणका लागि थप खोज अनुसन्धान हुन जरूरी छ । यस पुस्तकमा दावी गरिएका स्थानहरूले धेरैलाई सोध, खोज र आश्चर्यको विषय बन्ने छ भन्ने लागेको छ । संचार कर्ममा रहँदै गर्दा अनेकन पटक ग्रामिण क्षेत्रको यात्राको क्रममा कैद गरिएका तस्विरहरूले आज यो आकार पाउँदा म र लेन्स धन्य भएको महशुस भएको छ । तर बिडम्वना हालसम्म पनि कुनै पनि निकायहरूले ठोस कदम चाल्न नसक्दा आदिभूमिसँग सम्बन्धीत उद्गम रहेका वंशावली, शिलापत्र, ताम्रपत्र, श्रुती परम्परा, कथा काव्यहरूका गाथाहरूको भरपुर अध्ययन हुन सकेको छैन् । कोइराल गाँउका कोइराला हुन् वा नेपा गाँउका नेपाल वा दह गाउँका दाहाल वा खारका खराल उल्लेखित जातीहरूले देश सञ्चालनको मुल बागडोर सम्हालीसकेको परिप्रेक्ष्यमा पूर्खाको थलो गुम्नाम हुनु दुःखद हो । विकास निर्माणको नाममा हजारौं वर्षदेखि बसेको बस्तीलाई विकासको नाममा अन्दाधुन्द छियोलिएको छ । जुन मनलाग्दी कंक्रिटका संरचना बनाइएको छ । प्रायः ऐतिहासिक कुवा, पौवा, चौतारा, मुग्राहधारा, थानहरु भत्काइएको छ जसलाई समय छँदै रोक्नुपर्ने हुन्छ । तस्विर लिंदादिंदै केहि समयको अन्तरालमै ति ऐतिहासिक बस्तीहरु कुरप बन्दै गएको देखिन थालेको छ । यसतर्फ सम्बन्धीत निकायहरूको ध्यानाकर्षण हुन जरूरी छ । मुल घर कुन हो ? मुल थान कुन हो ? कुल देवता कुन हुन् ? कुन ओखल, कुन ढिकी, कुन घट्ट भन्ने समेत नयाँ पुस्ताले बिर्सिंदै गएको छ । तसर्थ यो पुस्तकले आफ्नो पुर्खौली थलो फर्कन चाहानेहरूको तिर्थाटन बनाउन सक्ने अवसर खोल्ने विश्वास लिएको छु ।

पछिल्लो समय पहिचानको खोजी बड्दो छ । उद्गमदेखि सुगमसम्म सरेको रस्तीबस्तीहरूले विगतको रागहरु मात्र हैन वर्तमानको आलापहरु पनि गुन्जाइरहेको भान हुन्छ । यो पुस्तकको माध्यमबाट दार्चुलादेखि महेन्द्रनगरसम्म, ओलाङ्चुङ्गोलादेखि केचनाकलसम्म र संसारभर फैलिएर बस्नु भएका सम्पूर्ण आदिभूमिका पुस्ताहरूलाई एक पटक पुर्खाको थलो फर्कन, तिर्थाटन गर्न प्रेरित गरोस्, पूर्खाको नावी गाडिएको, हड्डी खिइएको, रगत र पसिनाले सृजेको पावन भूमिमा एक पटक अवश्य तान्ने छ भन्ने विश्वाससहित प्रकाशन मण्डललाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**विशाल सुनार**
फोटोग्राफर, केन्द्रीय सदस्य,
नेपाल फोटो पत्रकार महासंघ



दुल्लू क्षेत्र दुलालहरूको पैतृक भूमि । ज्वाला, सिँजा र कर्णाली सभ्यताको केन्द्र ऐतिहासिक, पुरातात्विक एवम् साँस्कृतिक नगरी, दुल्लू नगरपालिका वडा नं. ७, दैलेख ।



दुल्लू नगरपालिका वडा नं. १२ मा अवस्थित दहालहरूको पैतृक भूमि दह गाउँ ।



दुल्लू नगरपालिका वडा नं. १२ मा अवस्थित लम्सालहरूको पैतृक भूमि लम्सु गाउँ, दैलेख ।



दुल्लू नगरपालिका वडा नं. ५ मा अवस्थित रिजालहरूको पैतृक भूमि रिजु गाउँ, दैलेख ।



दुल्लू नगरपालिका वडा नं. ११ मा अवस्थित भुषालहरूको पैतृक भूमि भुकाहाँ गाउँ, दैलेख ।



दुल्लू नगरपालिका वडा नं. ५ मा अवस्थित पोखरेलहरूको पैतृक भूमि पोखरा गाउँ, दैलेख ।



दुल्लू नगरपालिका वडा नं. ३ मा अवस्थित नेपालहरूको पैतृक भूमि नेपा गाउँ, दैलेख ।



दुल्लू नगरपालिका वडा नं. २ मा अवस्थित कटुवालहरूको पैतृक भूमि कटुवालगाउँ, दैलेख ।



दुल्लू नगरपालिका वडा नं. ८ मा अवस्थित बडालहरूको पैतृक भूमि बडगाउँ, दैलेख ।



भैरवी गाउँपालिका वडा नं. ३ मा अवस्थित लम्जेलहरूको पैतृक भूमि लम्जि गाउँ, दैलेख ।



भैरवी गाउँपालिका वडा नं. ३ मा अवस्थित कोइरालाहरूको पैतृक भूमि कोइराला गाउँ, दैलेख ।



भैरवी गाउँपालिका वडा नं. २ मा अवस्थित रावतहरूको पैतृक भूमि रावतकोट गाउँ, दैलेख ।



भैरवी गाउँपालिका वडा नं. २ मा अवस्थित हुमागाइँहरूको पैतृक भूमि गहुमेगाउँ, रावतकोट, दैलेख ।



भैरवी गाउँपालिका वडा नं. ३ मा अवस्थित आचार्यहरूको पैतृक भूमि कुर्मगाउँ, बडलम्जी, दैलेख ।



भगवतीमाई गाउँपालिका वडा नं. ५ मा अवस्थित कट्टेलहरूको पैतृक भूमि कट्टी गाउँ, दैलेख ।



आठबीस नगरपालिका वडा नं. ८, तिलेपाटामा अवस्थित लामिछानेहरूको पैतृक भूमि लामिछाने गाउँ, दैलेख ।



आठबीस नगरपालिका वडा नं. ७ मा अवस्थित मरासैनीहरूको पैतृक भूमि मडासैन गाउँ, दैलेख ।



आठबीस नगरपालिका वडा नं. १, मा अवस्थित सत्यालहरूको पैतृक भूमि सातला गाउँ, दैलेख ।



नारायण नगरपालिका वडा नं. २ मा अवस्थित रूपाखेतीहरूको पैतृक भूमि रूपाखेत गाउँ, दैलेख ।



नारायण नगरपालिका वडा नं. ६, मा अवस्थित भुर्तेलहरूको पैतृक भूमि भुर्ति गाउँ, दैलेख ।



नारायण नगरपालिका वडा नं. ५ मा अवस्थित धितालहरूको पैतृक भूमि धिताहाँ गाउँ, दैलेख ।



नारायण नगरपालिका वडा नं. ११ मा अवस्थित कँडेलहरूको पैतृक भूमि काँडागाउँ, दैलेख ।




नारायण नगरपालिका वडा नं. ८ मा अवस्थित बास्कोटाहरूको पैतृक भूमि बासकोट गाउँ, दैलेख ।


महाबु गाउँपालिका वडा नं. ३ मा अवस्थित बस्यालहरूको पैतृक भूमि बाँसीगाउँ, दैलेख ।



महाबु गाउँपालिका वडा नं. १ मा अवस्थित दवाडीहरूको पैतृक भूमि दबाडा गाउँ खरिगैरा, दैलेख ।



ठाँटिकाँध गाउँपालिका वडा नं. १ मा अवस्थित लकान्द्रीहरूको पैतृक भूमि लकान्द्र गाउँ, दैलेख ।



ठाँटिकाँध गाउँपालिका वडा नं. ४ मा अवस्थित गैरेहरूको पैतृक भूमि गैरागाउँ, बिसाला, दैलेख ।



ठाँटिकाँध गाउँपालिका वडा नं. २ मा अवस्थित सुयालहरूको पैतृक भूमि सुयागाउँ, बिशाला, दैलेख ।



चामुण्डाविन्द्रसैनी नगरपालिका वडा नं. ५ मा अवस्थित बस्ताकोटीहरूको पैतृक भूमि बस्ताकोटगाउं, जम्बुकांध, दैलेख ।



चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ८ मा अवस्थित खरालहरूको पैतृक भूमि खारगाउँ, लयाँटीविन्द्रासैनी, दैलेख ।



चामुण्डाविन्द्रसैनी नगरपालिका वडा नं. १ मा अवस्थित चापागाइँहरूको पैतृक भूमि चापागाउँ, चामुण्डा, दैलेख ।



गुराँस गाउँपालिका वडा नं. ३ मा अवस्थित चालिसेहरूको पैतृक भूमि चाल्सगाउँ, खड्काबाडा, दैलेख ।



डुङ्गेश्वर गाउँपालिका वडा नं. ४ मा अवस्थित पराजुलीहरूको पैतृक भूमि पराजुलगाउँ, दैलेख ।




जाजरकोट र कालिकोट जिल्ला छोएको जिल्लाकै सबैभन्दा अग्लो स्थान महाबु लेकसँग सिमाना जोडिएको नौमुले गाउँपालिकाको केन्द्रमा रहेको नौमुले बजार क्षेत्र ।



जातजातीको आदिभूमि रहेको ऐतिहासिक दैलेख जिल्लाको जिल्ला प्रशासन कार्यालय रहेको गौंडा दरबार, कोतगढी र सदरमुकाम नारायण नगरपालिका क्षेत्रको दृश्य ।



दुल्लू नगरपालिका वडा नं. ३ को नेपा र अछामको तुर्माखाँद गाउँपालिका क्षेत्रबाट सूर्यास्त हुँदै गर्दा देखिएको मनमोहक दृश्य ।


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश

www.dullumun.gov.np




प्रकाशक:

द्रोणाञ्चल मिडिया प्रा. लि.
दुल्लू-८, दैलेख
कर्णाली प्रदेश, नेपाल

प्रकाशन सहयोग:

दुल्लू नगरपालिका
दुल्लू, दैलेख
कर्णाली प्रदेश, नेपाल


ISBN 9937122887